श्री

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर

इजलास

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

२०७९।०८० सालको निर्णय नं.२४२

पुनरावेदन नं. ०७९-RB-०१०२

पुनरावेदन दर्ता मितिः-२०७९।०९।१३

मुद्दाः– सुन भन्सार चोरी पैठारी

| | |
|---|---|
| भवनाथ पोखरेलको नाति लोकनाथ पोखरेलको छोरा, उदयपुर जिल्ला त्रियुगा नगरपालिका वडा नं. ६ लालबत्ता बस्ने वर्ष २६ को पुरूषोत्तम पोखरेल.............................................................................१ | पुनरावेदक/ प्रतिवादी |

**विरुद्ध**

| | |
|---|---|
| त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत मुक्ति प्रसाद श्रेष्ठ समेतको जाहेरी प्रतिवेदनले नेपाल सरकार.....................................१ | प्रत्यर्थी/ वादी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः त्रिभुवन विमानस्थल भन्सार कार्यालय, काठमाडौ ।

निर्णय गर्ने अधिकारीः प्रमुख भन्सार प्रशासक श्री अरूण पोखरेल

शुरु कार्यालयको निर्णय मितिः २०७९।०६।०५

## उपस्थित कानून व्यवसायीहरु

पुनरावेदकका तर्फबाट :विद्वान अधिवक्ताहरु श्री टंकहरि दाहाल, श्री महेश्वर प्रसाद खनाल र श्री हरिशंकर दाहाल

प्रत्यर्थी कार्यालयका तर्फबाट : विद्वान सहायक न्यायाधिवक्ता श्री विकास बन्जारा

त्रिभुवन विमानस्थल भन्सार कार्यालय, काठमाडौबाट मिति २०७९।०६।०५ मा भएको निर्णय उपर चित्त नबुझी राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) तथा भन्सार ऐन २०६४ को दफा ६२(१) बमोजिम प्रतिवादीको तर्फबाट पुनरावेदन दर्ता हुन आएको प्रस्तुत मुद्दा यस न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुंदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छ।

## तथ्य खण्ड

१. मिति २०७९।०५।०२ गतेका दिन बिहानको ८:०० बजेको समयमा कतारबाट सलाम एयरको उडान नं. **OV**-४२७ बाट त्रिभुवन विमानस्थल काठमाडौं आएका नेपाली नागरीक (राहदानी नं. १०४७२२२) बाहक पुरुषोत्तम पोखरेललाई त्रिभुवन विमानस्थल भन्सार कार्यालयको आगमन कक्षमा खानतलासी गर्दा निजको पाईन्ट भित्रबाट कम्मरमा डोरीले बाँधी अगाडी गुप्ताङ्गमा लुकाई छिपाई ल्याएको अवस्थामा सुन जस्तो देखिने पहेंलो धातुको ब्रासलेट र औंठी गरी थान- २(दुई) जम्मा तौल ६० ग्राम बरामद भएको भन्ने वेहोराको त्रिभुवन विमानस्थल भन्सार कार्यालयले मिति २०७९।०५।०२ गते खडा गरेको खानतलासी तथा बरामदी मुचुल्का ।

२. मिति २०७९।०५।०२ गतेका दिन बिहानको ८:०० बजेको समयमा कतारबाट सलाम एयरको उडान नं. **OV**-४२७ बाट त्रिभुवन विमानस्थल आएका नेपाली नागरीक राजदानी नं. १०४७२२२ बाहक पुरुषोत्तम पोखरेललाई त्रिभुवन विमानस्थल भन्सार कार्यालयको आगमन कक्षमा खानतलासी गर्दा निजको पाईन्ट भित्रबाट कम्मरमा डोरीले बाँधि अगाडी गुप्ताङ्गमा लुकाई छिपाई ल्याएको अवस्थामा सुन जस्तो देखिने पहेंलो धातुको ब्रासलेट र औंठी गरी थान- २(दुई) जम्मा तौल ६० ग्राम बरामद भएको हुँदा बरामदीत सुन जस्तो देखिने पंहेलो रङ्गको धातु सहित निजलाई थप अनुसन्धान र आवश्यक कारबाहीको लागि पेश गरेका छौ भन्ने

वेहोराको त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत मुक्ति प्रसाद श्रेष्ठ समेतको मिति २०७९।०५।०२ गते पेश भएको प्रतिबेदन ।

३. खानतलासी तथा बरामदी मुचुल्का, दशी र प्रतिवेदन समेतको आधारमा प्रतिवादी पुरुषोत्तम पोखरेलले भन्सार ऐन, २०६४ को दफा ५७(१) को कसूर अपराध गरी उक्त सुन जस्तो देखिने पहेंलो धातु भन्सार छली ल्याएको होइन भन्न सक्ने अवस्था नदेखिएको हुँदा सोही ऐनको दफा ४६ को उपदफा (३) बमोजिम आवश्यक कारवाहीको लागि अनुसन्धान तहकिकात गर्न, बयान लिन र अन्य कानुनी प्रकृया पुरा गर्न भन्सार अधिकृत टंक रम्तेललाई अनुसन्धान अधिकृत तोकि उक्त सुन जस्तो देखिने धातु सुरक्षित साथ राखी थप अनुसन्धान गर्नू भनि प्रमुख भन्सार प्रशासक महेश भट्टराईबाट मिति २०७९।५।२ मा भएको आदेश।

४. भन्सार अधिकृत टंक रम्तेललाई अनुसन्धान अधिकृत तोकिएकोमा निजको मिति २०७९।५।१६ गते यात्रु जाँचपास तथा सहजीकरण शाखामा डिउटी भई भन्सार अधिकृत मधु कुमार पौडेललाई अनुसन्धान अधिकृत तोकिएको भनि मिति २०७९।५।१६ को त्रिभुवन विमानस्थल भन्सार कार्यालयको पत्र मिसिल संलग्न रहेको।

५. म मिति २०७९।०५।०२ गतेका दिन कतारबाट नेपाल आउने क्रममा अवैध रुपमा सुन बोकेर ल्याएको भनि त्रिभुवन विमानस्थल भन्सार कार्यालयको यात्रु चेकजाँच गर्ने ठाउँबाट मलाई पक्राउ गरेको हो, खानतलासी तथा बरामदी मुचुल्कामा गरेको सहिछाप मेरो आफ्नै हो। भन्सार कार्यालयले बरामद गरेको सुनजस्तो देखिने पहेंलो मालवस्तु थान-२(एक) सुन नै हो, थान-१ सुनको औंठी र थान-१ सुनको ब्रासलेट गरी थान-२ (दुई) कतारबाट नेपाल आउने क्रममा डोरीको तुनाले कम्मरमा बाँधेर ल्याएको अवस्थामा बरामद भएको सो सुन मेरो आफ्नै रहेको, अरु कसैले पठाएको र अरु कसैको लागि लिएर आएको होइन, आफ्नै बिहेको लागि ल्याएको र एक सय ग्रामसम्मका सुन भन्सारमा घोषणा गरेर लाग्ने महसुल तिरेर मात्र ल्याउन पाइने नेपालको कानूनी व्यवस्थाको बारेमा जानकारी भई भन्सार तिर्नुपर्ने भयो भने भन्सार तिरौंला भनेर लिएर आएको हुँ। चोरी पैठारी गर्ने नियत होइन, सुनको सेफ्टीको लागि भनेर कम्मरमा बाँधेर ल्याएको हुँ भन्ने व्यहोराको प्रतिवादी पुरुषोत्तम पोखरेलले अनुसन्धान अधिकृत समक्ष मिति २०७९।५।२३ मा गरेको बयान।

६. प्रतिवादीको साथबाट बरामद भएको उल्लिखित परिमाणको सुनको सम्बन्धमा भन्सार ऐन, २०६४ को दफा १८(१) मा उल्लेख भएअनुसार मालवस्तु निकासी वा पैठारी गर्ने व्यक्तिले तोकिए बमोजिमको कागजात संलग्न गरी प्रज्ञापनपत्र भरी सम्बन्धित क्षेत्रको भन्सार अधिकृत समक्ष पेश गर्नुपर्ने भन्ने व्यवस्था रहेकोमा निज प्रतिवादीले

आफ्नो साथमा ल्याएको उल्लेखित परिमाणको सुन भन्सार कार्यालयमा घोषणा नै नगरेको कारण अनुसन्धान अधिकृतले भन्सार ऐन, २०६४ को दफा ३८ बमोजिम निस्सा माग गर्दा छैन भनी पेश गर्न नसकेको । भन्सार अधिकृतले निस्सा माग गर्दा पेश गर्न नसकेमा उक्त मालवस्तु चोरी पैठारी गरी ल्याएको मानिने कानूनी ब्यवस्था रहेको साथै, प्रतिवादीले उक्त सुन बैध हो भन्ने निस्सा/ प्रमाण समेत पेश गर्न नसक्नुले भन्सार ऐन, २०६४ को दफा २ को देहाय (च) तथा सोही ऐनको दफा ५७(१) मा वर्णित भन्सार मालवस्तु चोरी पैठारी सम्बन्धी कसुर अपराध गरेको स्पष्ट हुन्छ । तसर्थ प्रतिवादीको साथबाट बरामदीत सुनको सम्बन्धमा बारदात भएको मिति २०७९।०५।०२ गते नेपाल सुन चाँदी डिलर एसोसिएसनको वेबसाइटमा प्रकाशित प्रति ग्राम सुनको मुल्य रु.८,२२२।- (अक्षरुपी आठ हजार दुई सय बाइस रुपैया मात्र) को दरले प्रतिवादीको साथबाट बरामदीत ६० ग्राम सुनको हुन आउने जम्मा मूल्य रु.४,९३,३२०।–(अक्षरुपी चार लाख त्रियानब्बे हजार तीन सय बीस मात्र) लाई बिगो कायम गरी भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१क) बमोजिम उक्त बरामदित सुन जफत गरी बिगो बमोजिमको रकम रु.४,९३,३२०।– (अक्षरुपी चार लाख त्रियानब्बे हजार तीन सय बीस मात्र) जरिवाना मागदावी लिई अनुसन्धान अधिकारीबाट मिति २०७९।०५।२६ गते दायर भएको अभियोगपत्र ।

७. बरामद भएको सुन मैले नै लिएर आएको हुँ।उक्त सुन भन्सारमा घोषणा गरेको कुनै कागज प्रमाण केही छैन।पेश गर्न सक्दिन।मबाट अन्जानमा गल्ती भयो। कानून बमोजिम भए मन्जुर छु भन्ने समेत वेहोराको प्रतिवादी पुरुषोत्तम पोखरेलले मुद्दा हेर्ने अधिकारी समक्ष मिति २०७९।५।२६ मा गरेको बयान।

८. निजको साथबाट बरामद भएको उल्लिखित परिमाणको सुन निजले भन्सार ऐन, २०६४ को दफा ५७(१) बमोजिमको कसूर अपराध गरी ल्याएको होइन भन्ने मनासिब आधार नदेखिंदा पछि थप प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने नै हुँदा हाललाई बरामदीत मालवस्तुको अनुसन्धान अधिकृतले अभियोगपत्रमा उल्लेख गरेको जम्मा मूल्य रु.४,९३,३२०।- (अक्षरुपी चार लाख त्रियानब्बे हजार तीन सय बीस रुपैया मात्र) लाई विगो कायम गरी भन्सार ऐन, २०६४ को दफा ५७(१क) अनुसार हुने बिगो बमोजिमको जरिवाना रु.४,९३,३२०।- (अक्षरुपी चार लाख त्रियानब्बे हजार तीन सय बीस रुपैया मात्र) निज प्रतिवादीसंग भन्सार ऐन, २०६४ को दफा ४१(१) बमोजिम नगद धरौटी माग गर्नु । निज प्रतिवादीले माग भएको नगद धरौटी रकम दाखिला गरेमा निजलाई तारेखमा राखि मुद्दाको पुर्पक्ष गर्नु, माग बमोजिमको नगद धरौटी दाखिला गर्न नसकेमा कारागार कार्यालय काठमाण्डौ, जगन्नाथदेवलमा

थुनामा राख्न पठाउनु र बरामदित सुन सुरक्षित राख्नु भनी प्रमुख भन्सार प्रशासकबाट मिति २०७९।०५।२६ गते भएको थुनछेक आदेश ।

९. प्रतिवादी पुरुषोत्तम पोखरलले डोरीले कम्मरमा बाँधेर भित्रपट्टी राखि लुकाई छिपाई आफ्नो साथमा बोकेर ल्याएको अवस्थामा भन्सार कार्यालयले चेकजाँचको क्रममा बरामद गरेको जम्मा तौल ६० (साठी) ग्राम रहेको सुनको सम्बन्धमा भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१) बमोजिमको कसूर अपराध गरी ल्याएको ठहरेको हुँदा बरामदित सुनको अनुसन्धान अधिकृतले अभियोग पत्रमा खुलाएको जम्मा रु.४,९३,३२०/- (अक्षरुपी चार लाख त्रियानब्बे हजार तीन सय बीस रुपैया मात्र) लाई विगो कायम गरी भन्सार ऐन, २०६४ को दफा ५७(१क) अनुसार बरामद सुन जफत गरी प्रतिवादीलाई बिगो बमोजिमको रकम रु.४,९३,३२०।-(अक्षरुपी चार लाख त्रियानब्बे हजार तीन सय बीस रुपैया मात्र) जरिवाना हुने ठहर्छ भनी त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक अरूण पोखरेलबाट मिति २०७९।६।०५ गते भएको निर्णय ।

१०. म कतारबाट ओमान हुँदै नेपाल आएकोमा ओमानमा ६ घण्टा ट्रान्जिट बस्नुपर्ने भई यसरी ट्रान्जिटमा बस्दा यात्रुका झोला तथा सुटकेशमा गर गहना राखी ल्याउदा हराउने तथा असुरक्षित हुने र म आफुले समेत गहना लगाई यात्रा गर्न समेत असुरक्षित हुन भएकोले मैले केही समय देखि लगाउदै आएका १ थान सुनको औंठी र १ थान सुनको ब्रासलेट गरी दुई थान तयारी गहना मैले पाइन्टको भित्री गोजीमा राखेको अवस्थामा मेरो साथबाट बरामद भएको र कतारमा राम्रो सुन पाइने भएकोले विवाहको कुरा चली रहेकोले उक्त गहना विवाहमा समेत प्रयोग हुने भई सो सुनका गहना कतार मै बनाई केही समय देखि लगाउदै आएको, मिति २०७७।२।१५ गते देखिको नेपाल राजपत्रमा प्रकाशित सूचनामा पनि विदेशबाट फर्केका नेपाली यात्रुले ५० ग्राम सम्मका सुनका गहना ल्याउने पाउने र थप २०० ग्राम सम्मका सुनका गहना भन्सार घोषणा गरी ल्याउन पाउने कानुनी व्यवस्था समेत रहेकोले मेरो साथबाट ६० ग्राम मात्र बरामद भएको गहना रहेको, भन्सार छली गरी अवैध तरिकाले गहना ल्याएको पनि होइन।सुन हराउने असुरक्षित हुने डरले कम्मरमा डोरीले बाधी राखेको १० ग्राम सुनका गहनाको हकमा मात्र अवैध मानिने पर्नेमा कानून बमोजिम ल्याउन पाउने ५० ग्राम सुनलाई समेत अवैध मानी भएको शुरु भन्सार कार्यालयको निर्णय बदर गरी पाउँ भन्ने व्यहोराको प्रतिवादी पुरुषोत्तम पोखरेलले मिति २०७९।०९।१३ मा यस न्यायाधिकरणमा दायर गरेको पुनरावेदन पत्र।

११. मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १४० (३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार गरी पेश गर्नु भन्ने मिति २०७९।११।१२ को यस न्यायाधिकरणबाट भएको आदेश ।

## ठहर खण्ड

१२. नियम बमोजिम दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदनपत्र एव प्राप्त सुरु मिसिल समेत अध्ययन गरी पुनरावेदक प्रतिवादीका तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री टंकहरि दाहाल, श्री महेश्वर प्रसाद खनाल र श्री हरिशंकर दाहालले यी प्रतिवादी पुरुषोत्तम पोखरेल कतारबाट नेपाल आउने क्रममा त्रिभुवन विमानस्थलको आगमन कक्षमा खानतलासी गर्ने क्रममा बरामद भएको ६० ग्राम सुनको गहना आफ्नो घरायसी कामको लागि विवाहमा प्रयोग गर्न, सुनको गहना जुन असुरक्षित हुने डरले आफ्नो पाइन्टको भित्र कम्मरमा डोरीले बाँधी ल्याएको हुन। निजले सुरक्षितको लागि लगाएर ल्याएको सुनको गहना अवैध नभई कानुनले तोकेको प्रावधान बमोजिम बढी भएको १० ग्राममा मात्र जरिवाना गर्नुपर्नेमा ६० ग्राम समेतमा जरिवाना गर्ने गरी भएको शुरु भन्सार कार्यालयको निर्णय कानून सम्मत नभएकोले बदर गरी निजले सफाई पाउनुपर्छ भनी गर्नुभएको बहस समेत सुनियो।

१३. प्रत्यर्थी वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकील कार्यालय काठमाडौका विद्वान सहायक न्यायाधिवक्ता श्री विकास बन्जाराले प्रतिवादीबाट बरामद भएको सुन निजकै रहेको, मिति २०७९/०५/०२ गते कतार हुंदै नेपाल आउने क्रममा आफ्नो पाइन्टको भित्र कम्मरमा डोरीले बाँधी लुकाई छिपाई ल्याएको अवस्थामा ६० ग्राम सुन जस्तो देखिने पहेलो धातु बरामद भई सो सुन आफुले नै ल्याएको स्वीकार गरेको अवस्था देखिन्छ। बरामदित सुन निज प्रतिवादीले आफुबाट बरामद नभएको भन्ने प्रमाण समेत प्रस्तुत गरीएको पाईदैन।भन्सार ऐन,२०६४ को दफा ५७(१क) बमोजिम निजले कसूर गरेको देखिंदा शुरु कार्यालयबाट गरेको निर्णय कानून सम्मत हुंदा सदर हुनुपर्छ भन्ने समेत जिकिर लिई बहस प्रस्तुत गर्नुभयो।

१४. उपर्युक्त बमोजिमको तथ्य एंव पुनरावेदन जिकिर रहेको प्रस्तुत मुद्दामा पुनरावेदक तर्फका विद्वान कानून व्यवसायीहरु तथा प्रत्यर्थी वादी तर्फका विद्वान सहायक न्यायाधिवक्ताले गर्नु भएको बहस जिकिरलाई समेत दृष्टिगत गरी हेर्दा यसमा शुरु

भन्सार कार्यालयको निर्णय मिलेको छ वा छैन? पुनरावेदकको जिकिर पुग्न सक्ने हो वा होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१५. निर्णय तर्फ विचार गर्दा, प्रतिवादी पुरुषोत्तम पोखरेल उपर भन्सार ऐन,२०६४ को दफा २(च) तथा दफा ५७(१) बमोजिमको कसूरमा सोही ऐनको दफा ५७(१क) बमोजिमको सजायको मागदावी लिइ अभियोग पत्र दायर भएको देखिन्छ।भन्सार ऐन,२०६४ को दफा २ को खण्ड (च) मा चोरी पैठारी भन्नाले भन्सार महसुल लाग्ने मालवस्तु भन्सार महसुल नतिरी लुकाई छिपाई वा बाटो छली वा भन्सार महसुल नलाग्ने मालवस्तु भएपनि यस ऐन बमोजिम घोषणा नगरी नेपाल ल्याउने कार्य सम्झनु पर्छ भनी चोरी पैठारीको परिभाषा गरीएको देखिन्छ भने सोही ऐनको दफा १८ को उपदफा (१) मा मालवस्तु निकासी वा पैठारी गर्ने व्यक्तिले तोकिए बमोजिमको कागजात संलग्न गरी प्रज्ञापनपत्र भरी सम्बन्धित क्षेत्रको भन्सार अधिकृत समक्ष पेश गर्नुपर्नेछ भन्ने कानूनी व्यवस्था समेत रहेको पाइन्छ।

१६. यी प्रतिवादी  मिति २०७९।०५।०२ गते बिहानको ८:०० बजेको समयमा कतारबाट सलाम एयरको उडान नं.**OV-427** बाट काठमाडौं आएका राहदानी नं.१०४७२२२ वाहक पुरुषोत्तम पोखरेललाई त्रिभुवन विमानस्थल भन्सार कार्यालयको आगमन कक्षमा खानतलासी गर्ने क्रममा निजको पाइन्ट भित्रबाट कम्मरमा डोरीले बाँधी अगाडीमा गुप्ताङ्गमा लुकाई छिपाई ल्याएको अवस्थामा सुन जस्तो देखिन पहेंलो धातुको ब्रासलेट थान-१ र औंठी थान-१ गरी जम्मा तौल ६० ग्राम बरामद भएको भन्ने मिति २०७९।०५।०२ को बरामदी/खानतलासी मुचुल्काबाट देखिन आयो। मौकामा अनुसन्धान अधिकृत समक्ष बयान गर्दा प्रतिवादी पुरुषोत्तम पोखरेलले भन्सार कार्यालयले मेरो साथबाट बरामद गरेको सुनजस्तो देखिने पहेंलो मालवस्तु सुनको औंठी  थान-१ र सुनको ब्रासलेट थान-१ गरी जम्मा थान-२ (दुई) कतारबाट नेपाल आउने क्रममा डोरीको तुनाले कम्मरमा बाँधेर ल्याएको अवस्थामा बरामद भएको, सो सुन मेरो आफ्नै रहेको अरु कसैले पठाएको र अरु कसैको लागि लिएर आएको होइन। आफ्नै बिहेको लागि ल्याएको, एक सय ग्रामसम्मका सुन भन्सारमा घोषणा गरेर लाग्ने महसुल तिरेर मात्र ल्याउन पाइने नेपालको कानूनी व्यवस्थाको बारेमा जानकारी भई भन्सार तिर्नुपर्ने भए पनि भन्सार तिरौंला भनेर लिएर आएको हुँ। चोरी पैठारी गर्ने नियतले ल्याएको होइन, सुनको सेफ्टीको लागि कम्मरमा बाँधेर ल्याएको  र बरामद भएको सुन भन्सारमा घोषणा गरेको कागज प्रमाण केही पेश गर्न सक्दिन। कुनै गलत नियत राखेर ल्याएको नभइ अन्जानमा गल्ती भएको भन्ने व्यहोरा उल्लेख गरेको पाइयो।

१७. प्रतिवादीले मुद्दा हेर्ने अधिकारी समक्ष मिति २०७९।५।२६ मा बयान गर्दा समेत मुलतः मौका कै व्यहोरा हुबहु लेखाएको देखिन्छ। प्रतिवादी पुरुषोत्तम पोखरेलले बरामद भएको ६० ग्राम सुन आफ्नो घरायसी विवाहको लागि ल्याएको कतारबाट नेपाल आउने क्रममा असुरक्षित हुने डरले डोरीको तुनाले कम्मरमा बाँधेर ल्याएको नेपालमा भन्दा दुबईमा सुनको मुल्य सस्तो पर्ने र राम्रो गुणस्तरको पाउने भएकोले लिएर आएको भनि बयान गरेको देखिन्छ।भन्सार ऐन, २०६४ को दफा १८ को उपदफा (१) मा "मालवस्तु निकासी वा पैठारी गर्ने व्यक्तिले तोकिए बमोजिमको कागजात संलग्न गरी प्रज्ञापनपत्र भरी सम्बन्धित क्षेत्रको भन्सार अधिकृत समक्ष पेश गर्नुपर्नेछ" भन्ने कानूनी व्यवस्था समेत रहेको पाइन्छ। सोही कानूनी व्यवस्था बमोजिम प्रतिवादीले पैठारी गरी ल्याएको सुनको प्रज्ञापनपत्र भरी भन्सार अधिकृत समक्ष पेश गर्नुपर्नेमा सो प्रक्रिया पुरा गरेको देखिंदैन ।

१८. यस स्थितिमा मिसिल संलग्न बरामदी मुचुल्का, प्रतिवेदन व्यहोरा, प्रतिवादीको बयान समेतका प्रमाणबाट प्रतिवादीले भन्सार लाग्ने सुन जस्तो मालवस्तु लुकाइ छिपाइ, भन्सारमा घोषणा नगरी ल्याएको हुंदा प्रतिवादीले सुन चोरी पैठारीको कसूरजन्य कार्य गरी भन्सार ऐन,२०६४ को दफा ५७(१) बमोजिमको कसूर गरेको पुष्टी भइरहेको हुंदा बरामद मालवस्तु जफत गरी निजलाई सोही ऐनको दफा ५७(१क) अनुसार बरामद सुन जफत गरी सुनको विगो बमोजिमको रकम रु.४,९३,३२०।- (अक्षरुपी चार लाख त्रियानब्बे हजार तीन सय बीस रुपैया) जरिवाना हुने ठहऱ्याई शुरु भन्सार कार्यालयबाट भएको फैसला मनासिब देखिंदा अन्यथा भन्न मिल्ने देखिएन।

१९. तसर्थ माथि विवेचित आधार र कारणबाट प्रतिवादी पुरुषोत्तम पोखरेललाई भन्सार ऐन, २०६४ को दफा ५७(१) को कसूरमा बरामद सुन जफत गरी निजलाई विगो बमोजिम रु.४,९३,३२०।- (अक्षरुपी चार लाख त्रियानब्बे हजार तीन सय बीस रुपैया) जरिवाना हुने ठहऱ्याई त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासकबाट मिति २०७९।०६।०५ मा भएको फैसला मिलेकै देखिंदा सदर हुने ठहर्छ।प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरु तपसिल बमोजिम गर्नू।

## तपसील खण्ड

१. यो फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी विशेष सरकारी वकीलको कार्यालय काठमाडौंलाई पठाइदिनू।
२. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।
३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिइ नियमानुसार प्रतिलिपी दिनू।

४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय गौचर काठमाडौमा पठाई रेकर्ड मिसिल अभिलेख शाखामा बुझाई दिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
इजलाश अधिकृतः सनिता लामा
टिपोट गर्नेः- कम्प्युटर अपरेटर प्रदिप तिवारी
फैसला मितिः-२०७९।१२।२।५
फैसला प्रमाणिकरण गर्ने लेखा सदस्यः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप